# स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७

**नेपाल सरकार**

**स्थानीय विकास मन्त्रालय**

२०६७

# विषय सूची


| क.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| | परिचय | |
| | **परिच्छेद** | |
| | **उद्देश्य, संक्षिप्त नाम र परिभाषा** | |
| १. | कार्यविधिको उद्देश्य | 1 |
| २. | संक्षिप्त नाम र प्रारम्भ | 1 |
| ३. | परिभाषा | 1 |
| | **परिच्छेद - २** | |
| 4 | सामाजिक परिक्षण सम्वन्धी संस्थागत व्यबस्था | 3 |
| | **परिच्छेद - ३** | |
| | **सामाजिक परीक्षण विधि र प्रतिवेदन** | |
| 5 | परीक्षण विधि | 5 |
| 6 | प्रतिवेदन प्रस्तुती तथा छलफल | 6 |
| 7 | प्रतिवेदन तयारी | 6 |
| 8 | सामाजिक परीक्षणमा समावेश गराउनुपर्ने | 6 |
| 9 | सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीको तयारी | 7 |
| 10 | सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रम संचालन विधि | 7 |
| | **परिच्छेद - ४** | |
| | **प्रतिवेदन कार्यान्वयन** | |
| 11 | प्रतिवेदन पेश गर्नुपर्ने | 8 |
| 12 | प्रतिवेदन सार्वजनिक गर्नुपर्ने | 8 |
| | **परिच्छेद - ५** | |
| | **आचार संहिता** | |
| 13 | आचार संहिता | 8 |
| 14 | कागजात उपलब्ध गराउनुपर्ने | 9 |
| | **परिच्छेद - ६** | |
| | **विविध** | |
| 15 | गै.स.स. तथा अन्य सार्वजनिक संस्थाहरुको सामाजिक परीक्षण कार्यविधि | 9 |
| 16 | थपघट र हेरफेर | 9 |
| 17 | खारेजी तथा बचाउ | 9 |
| | अनुसूचीहरु | |

*नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६८।१।१२ को निर्णयानुसार स्वीकृत*

# स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७

**परिचय**

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई व्यवस्थित गर्न यो 'स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७' तर्जुमा गरिएको छ ।

## परिच्छेद - १
## उद्देश्य, संक्षिप्त नाम र परिभाषा

### १. कार्यविधिको उद्देश्य

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु यस 'स्थानीय निकायको सामाजिक परीक्षण कार्यविधि २०६७' को उद्देश्य हुनेछ । यस कार्यविधिले सामाजिक परीक्षणको व्यवस्था स्थानीय निकायले अनिवार्य रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुऱ्याउनेछ ।

### २.संक्षिप्त नाम र प्रारम्भ

यो कार्यविधिको नाम 'स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७' राखिएको छ । यो कार्यविधि नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

### ३. परिभाषा

क) 'ऐन' भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई सम्झनु पर्दछ ।

ख) 'नियमावली' भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई सम्झनु पर्दछ ।

ग) 'आर्थिक नियमावली' भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ लाई सम्झनु पर्दछ ।

घ) ‘स्थानीय निकाय’ भन्नाले जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिलाई सम्झनु पर्दछ ।

ङ) ‘परिषद्’ भन्नाले ऐनको दफा ८ बमोजिमको गाउँ परिषद्, दफा ७६ बमोजिमको नगर परिषद् र दफा १७२ बमोजिमको जिल्ला परिषद्लाई सम्झनु पर्दछ ।

च) ‘बोर्ड’ भन्नाले ऐनको दफा १२ बमोजिमको गाउँ विकास समिति, दफा ८० बमोजिमको नगरपालिका र दफा १७६ बमोजिमको जिल्ला विकास समितिलाई सम्झनु पर्दछ ।

(छ) “स्थानीय निकायको प्रमुख” भन्नाले गाउँ विकास समितिको लागि गाउँ विकास समितिको अध्यक्ष, नगरपालिकाको लागि नगरपालिकाको प्रमुख तथा जिल्ला विकास समितिको लागि जिल्ला विकास समितिको सभापति सम्झनु पर्नेछ ।

(ज) “मन्त्रालय” भन्नाले नेपाल सरकार, स्थानीय विकास मन्त्रालय सम्झनुपर्छ ।

(झ) “विषयगत कार्यालय” भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत जिल्लास्थित कार्यालय तथा डिभिजन कार्यालयसमेतलाई सम्झनुपर्छ ।

(ञ) “विकास साझेदार” भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था आदि सम्झनुपर्छ ।

(ट) “न्यूनतम शर्त र कार्यसम्पादन मापन” भन्नाले स्थानीय स्वायत्त शासन नियमावलीको नियम २७३घ बमोजिम स्थानीय निकाय वित्तीय आयोगबाट वार्षिक रूपमा स्थानीय निकायको कार्य सम्पादन निश्चित मापदण्डका आधारमा मापन गर्ने पद्धति सम्झनुपर्छ ।

(ठ) “उपभोक्ता समिति” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

(ड) “सामाजिक परीक्षण” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्य सम्झनुपर्छ ।

(ढ) “सार्वजनिक परीक्षण” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (२) वमोजि स्थानीय निकायले संचालन गर्ने कार्यक्रम /आयोजनाको लक्ष्य उद्देश्य बजेट

- आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धि र खर्च आदिको बारेमा सरोकारवालाहरु वीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनुपर्छ ।

(ण) "गैर सरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय निकायको परिषद्बाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय निकायसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ ।

(त) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ ।

(थ) "योजना" भन्नाले जिल्लाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक जिल्ला विकास योजना, वार्षिक जिल्ला विकास योजना, क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनुपर्छ ।

(द) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनुपर्छ ।

(ध) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनुपर्छ ।

(न) "अनुदान" भन्नाले नेपाल सरकारबाट जिल्ला विकास समितिलाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोगसमेत सम्झनुपर्छ ।

(प) "सामाजिक जिम्मेवारी" स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्वलाई जनाउदछ ।

(फ) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनुपर्छ ।

## परिच्छेद -२

### ४.सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था

४.१ स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि  वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकको लाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ । सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यकम / आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

४.२ स्थानीय निकायले सो स्थानीय निकायसँग प्रत्यक्ष सम्वन्ध नभएका  दुई बिज्ञको समुहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ । कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिने छ ।  संस्था वा कम्पनीलाई  सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिदाको अवस्थामा उक्त संस्थासँग निर्धारित योग्यता भएको बिज्ञ उपलब्ध भएको हुनु पर्नेछ । निजहरूको कार्य विवरण र योग्यता **अनुसूची १** मा उल्लेख गरिएको छ ।

४.३ सामाजिक परीक्षण कार्यको समन्वय तथा स्थानीय निकाय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न आवस्यक देखिएमा स्थानीय निकायले निम्नानुसारको सामाजिक परीक्षण समन्वय समिति गठन गर्न सक्नेछ :-

४.३.१ जिल्ला विकास समितिको हकमा

क. जिल्ला विकास समितिको सभापति वा सभापतिको कार्य गर्न तोकिएको व्यक्ति : संयोजक

ख. स्थानीय विकास अधिकारी : सदस्य

ग. महिला विकास अधिकृत  : सदस्य

घ. स्थानीय गैसस वा सामुदायिक संस्था वा उपभोक्ता समितिको एक जना  प्रतिनिधि : सदस्य

ङ. स्थानीय उद्योग वाणिज्य संघबाट एक जना प्रतिनिधि : सदस्य

च. यस समितिले तोकेको विषयगत कार्यालयको प्रमुख : सदस्य

छ. सामाजिक विकास अधिकृत : सदस्य-सचिव

**४.३.२ नगरपालिकाको हकमा**

क. महानगर वा उपमहानगर वा नगरपलिका प्रमुख वा प्रमुखको कार्य गर्न तोकिएको व्यक्ति : संयोजक

ख. कार्यकारी अधिकृत : सदस्य

ग. महिला विकास अधिकृत वा निजले तोकेको प्रतिनिधि : सदस्य

च. स्थानीय गैसस वा सामुदायिक संस्था वा उपभोक्ता समितिको एक जना प्रतिनिधि : सदस्य

ङ. स्थानीय उद्योग वाणिज्य संघबाट एक जना प्रतिनिति : सदस्य

च. यस समितिले तोकेको विषयगत कार्यालयको प्रमुख : सदस्य

छ. सामाजिक विकास क्षेत्र हेर्ने अधिकृत / कर्मचारी : सदस्य-सचिव

**४.३.३ गा.वि.स.को हकमा :**

गा.वि.स.ले समेत यस कार्यविधि अनुसारको सामाजिक परीक्षण गर्न सक्नेछन् । सामाजिकपरीक्षणकार्यमा सहयोग गर्न गा.वि.स.ले निम्नानुसारको समन्वय समिति गठन गर्न सक्नेछ :

क. गाविस अध्यक्ष वा अध्यक्षको कार्य गर्न तोकिएको व्यक्ति : संयोजक

ख. कृषि सेवा केन्द्र प्रमुख : सदस्य

ग. पशु सेव ाकेन्द्र प्रमुख : सदस्य

घ. प्राथमिक स्वास्थ्य केन्द्रका प्रतिनिधि वा उप स्वास्थ्य चौकीका प्रमुख : सदस्य

ङ .बिद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाविसले छानेको एक जना अध्यक्ष : सदस्य

च गा.वि.स. सचिव : सदस्य-सचिव

तर, स्थानीय निकायमा यस्तो समिति गठन नभएको अवस्थामा समेत परामर्शदाता वा विज्ञ ( सामाजिक परीक्षक) मार्फत स्थानीय निकाय र विषयगत कार्यालयका कर्मचारीहरूको सहयोगमा सामाजिक परीक्षण कार्य संचालन गर्नेछन् ।

## परिच्छेद - ३

## सामाजिक परीक्षण विधि र प्रतिवेदन

**५.परीक्षण विधि**

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी पूरा गर्नुपर्नेछ :

५.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा

सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक

योजना (विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात स्थानीय निकायले सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा समिक्षा र विश्लेषण गर्नु पर्नेछ।

५.२ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल

सामाजिक परीक्षकले निम्न सूचकहरूका आधारमा स्थानीय निकायका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुपर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु गराउनु पर्नेछ । आवस्यकता अनुसार स्थलगत निरिक्षण र अवलोकन गरी सामाजिक कार्यसम्पादनको अवस्था सुनिश्चित गर्नु पर्नेछ । यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन (अनुसूची २ र ३) तयार गर्नु पर्नेछ ।

**६) प्रतिवेदन प्रस्तुति तथा छलफल**

अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ ।

कार्यक्षेत्रको परिचय

स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू

गतवर्षको मुख्य मुख्य उपलब्धिहरू

यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने ) :

.सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

समस्याहरू

सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

**७) प्रतिवेदन तयारी**

छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्य योजना सहित प्रतिवेदन ( **अनुसूची ४** ) तयार गर्नु पर्नेछ ।

**८)सामाजिक परीक्षणमा समावेश  गराउनुपर्ने**

विषयगत कार्यालयहरू र स्थानीय निकायको वार्षिक कार्यक्रम / आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरूको हकमा स्थानीय निकायकै अभिन्न अंगको रूपमा सामाजिक परीक्षणमा समावेश गर्नुपर्नेछ ।

**९.सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीको तयारी**

९.१ अनुसूची २ र ३ अनुसारको प्रतिवेदन स्थानीय भेलामा प्रस्तुत गरिनेछ ।

९.२ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन स्थानीय निकायका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदि) सँग अन्तरक्रियाका लागि आह्वान गर्नु पर्नेछ ।

९.३ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरूद्वारा सर्वसाधारण नागरिकलाई समेत आमन्त्रण गर्नु पर्नेछ ।

९.४ भेला स्थानीय निकाय प्रमुखको अध्यक्षतामा बस्नेछ ।

**१०. सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि**

१०.१ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका राख्नु पर्नेछ । उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुनु पर्नेछ ।

१०.२ कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचार संहिताबारे जानकारी दिनुपर्नेछ ।

१०.३ सामाजिक परीक्षकले **अनुसूची-२ र अनुसूची-३** बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्नेछ ।

१०.४ प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्दछ :-

- स्थानीय निकायले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा
- स्थानीय निकायले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति
- स्थानीय निकायले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू

- स्थानीय निकायको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय निकायको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू

१०.५ सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरी राख्नुपर्दछ । सहभागीले राखेका जिज्ञासा तथा विचारमा स्थानीय निकाय तथा सामाजिक परीक्षकले स्पष्ट पार्नु पर्नेछ ।

१०.६ सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सार संक्षेप तयार प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद - ४
## प्रतिवेदन कार्यान्वयन

### ११.प्रतिवेदन पेश गर्नुपर्ने

सामाजिक परीक्षकले सामाजिक प्रतिवेदन अनुसूची-४ स्थानीय निकायका प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

### १२.प्रतिवेदन सार्वजनिक गर्नुपर्ने

स्थानीय निकायले सो प्रतिवेदन परिषद्मा पेश गरी मूख्य मूख्य बुदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नु पर्नेछ ।.सामजिक परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न स्थानीय निकायले नीतिगत निर्णय गर्न सक्नेछ ।

## परिच्छेद -५
## आचार संहिता

### १३.आचार संहिता

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछ :-

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्यांब र सूचनाको आधारमा रही विचार राख्ने ।

- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।

**१४. कागजात उपलब्ध गराउनु पर्ने**

सामाजिक परीक्षण समन्वय समिति तथा सामाजिक परीक्षकले मागेको विवरण तथ्यांक, सूचना तथा कागजात स्थानीय निकाय, विषयगत कार्यालय, गै.स.स.तथा अन्य संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ६

## विविध

**१५. गैसस तथा अन्य सार्वजनिक संस्थाहरूको सामाजिक परीक्षण कार्यविधि :** गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्न सक्नेछन् । सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्नु पर्नेछ ।

**१६. थपघट र हेरफेरः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१७. खारेजी तथा बचाउ** : (१) सामाजिक परीक्षण कार्यविधि, २०६३ खारेज गरिएको छ । उक्त कार्यविधि बमाजिम यस अघि भए गरेका संपूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछन् ।

(२) यस कार्यविधिको कुनै प्रावधान प्रचलित कानून एवं स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन )नियमावली २०६४ सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

## अनुसूची १

(बुदा ४.२ सँग सम्वन्धित )

## सामाजिक परीक्षक सम्वन्धी व्यवस्था

स्थानीय निकायले एक बर्ष सम्म सम्पादन गरेका कामहरूबाट के कति सामाजिक विकास भयो अथवा निकायको सामाजिक जिम्मेवारी पुरा गर्न सम्पादन भएका कामहरू, उपलब्धिहरू र प्रभावहरूको लेखाजोखा गरी प्रतिवेदन पेश गर्न सामाजिक परीक्षकको रूपमा प्रत्यक्ष दुई बिज्ञको समुहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ । संस्था वा कम्पनीलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिने छ ।  संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिदाको अवस्थामा निर्धारित योग्यता भएको मानव श्रोत भएको हुनु पर्नेछ ।

### १. सामाजिक परीक्षकको योग्यता

- जि.वि.स. र नगरपालिकाको हकमा स्नातकोत्तर तथा गा.वि.स. को हकमा स्नातकोत्तर वा स्नातक भई सम्वन्धित क्षेत्रमा अनुभव,
- सामाजिक परीक्षण सम्बन्धी अनुशिक्षण प्राप्त
- स्थानीय निकायको कार्यक्रम वा आयोजनामा प्रत्यक्ष सलंग्न नरहेको

### २. पारिश्रमिक

सामान्यया सामाजिक परीक्षकका लागि जि.वि.स., महानगरपालिका तथा उप-महानगरपालिकाको हकमा ३० दिन, नगरपालिकाको हकमा बढीमा २० र गा.वि.स.को हकमा  १० दिनको कार्य दिन तय गरी  आर्थिक नियमावली अनुसार सेवा पारिश्रमिक तय गर्न सकिनेछ ।

### ३.सामाजिक परीक्षकका कामहरू

सामाजिक परीक्षणका कामलाई ३ चरणमा विभाजन गरिएको छ ।

### क) तयारी

यस चरणमा निजले बाह्य वा आन्तरिक रूपमा सूचना संकलन गर्नु पर्नेछ । सामाजिक परीक्षकले सन्दर्भ सामाग्रिको रूपमा  स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गत बर्ष को सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ ।

### ख) विवरण तयारी तथा प्रस्तुती

स्थानीय निकायको सामाजिक कार्यसम्पादनका विषयमा स्पष्ट भएपछि स्थानीय निकायका पदाधिकारीहरू, कार्यालय प्रमुख, शाखा तथा आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख तथा

जिम्वेवार कर्मचारीसँग अर्धसंरचित (Semi Structure) अन्तरवार्ता लिनुपर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु पर्नेछ । तिनीहरूको सम्पादनको अवस्था प्रमुख समस्या , चुनौती र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी सो समेत अनुसूची २ र ३ अनुसारको विवरण तयार गर्नु पर्नेछ । अन्त्यमा सम्पूर्ण सरोकारवालाको भेलामा सो विवरण प्रस्तुत गरी छलफल गर्नु पर्नेछ ।

**ग)प्रतिवेदन चरण**

सरोकारवालाको भेला पश्चात् सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्नेछ । भेलामा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित भेला अध्यक्षलाई प्रतिवेदन वुझाउनु पर्नेछ ।

# अनुसूची-२

(बुदा १०.३ सँग सम्वन्धित)

## ........................जि.वि.स.÷ न.पा.÷गा.वि.स.

## समाजिक परीक्षकको प्रतिवेदन

( बृहत छलफलमा प्रस्तुत गरिने)

स्थानीय निकायको नाम :

मिति :

१. स्थानीय निकायको परिचय (बुंदागत रूपमा लेख्ने)

२. स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :

३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने) :

४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) :

५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो | | | |

| | | | |
|---|---|---|---|
| उमेर समुहका बालबालिका संख्या / प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षमा पहुच | | | |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | |
| सौचालय भएको संख्या वा प्रतिशत | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| सौचालय भएको परिवार संख्या | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | | | |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंशा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वतावरण सुधारका प्रयासहरू | | | |
| एच.आई.भि र एड्स | | | |
| विकासमा समान सहभागिता<br>**सेवाहरूमा पहुँच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा | | | |

| | | | |
|---|---|---|---|
| सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| | | | |
| **संस्थागत क्षमता** | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

५. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

अनुसूची- ३
(बुदा १०.३ सँग सम्वन्धित)

................विषयगत कार्यालय/गैर सरकारी संस्था
जिल्ला÷ न.पा.÷गा.वि.स. ...............
सामाजिक परीक्षकको प्रतिवेदन
( बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत कार्यालय/ गैर सरकारी संस्था को नाम :
२. लक्ष्य
   क.
   ख.
   ग.
   घ.
३. मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)
   क.
   ख.
   ग.
   घ.
४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने) :
   क.
   ख.
   ग.
   घ

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

क.

ख.

ग.

घ.

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम ( यदि सस्था भएमा) :

मितिः

**अनुसूची-४**
**(बुदा ११ सँग सम्बन्धित)**

## सामाजिक परीक्षकले सम्बन्धित स्थानीय निकायका प्रमुख समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

श्री

जिल्ला विकास समिति........,....... नगरपालिका,............. गा.वि.स

१. पृष्ठभूमि

२. सामाजिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. बृहत् छलफल कार्यक्रमको विवरण
क) मिति : ख) स्थान : ग) समय :

६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने ( **अनुसूची २ र ३** )

७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ( बुँदागत रुपमा लेख्ने)

८. सामजिक परीक्षणवाट देखिएका चुनौती था कमिकमजोरीहरु ( बुँदागत रुपमा लेख्ने)

९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम (यदि सस्था भएमा) :
मितिः